बैठक नं. १

आज मिति २०७९ जेष्ठ ६ गते, शुक्रबार बिहानको ११:३० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

*उपस्थिति*

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. सदस्य सचिव श्री कृष्ण गिरी

<u>विषयहरु :</u>

१. शहीदहरुप्रति श्रद्धाञ्जली अर्पण बारे ।

२. सम्पूर्ण नगरबासीहरुलाई धन्यवाद ज्ञापन गर्ने बारे ।

३. निर्वाचनमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीहरुलाई धन्यवाद दिने बारे .

<u>निर्णयहरु:</u>

२०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचन २०७९ मा भक्तपुर नगरपालिकाको मत गणना २०७९ बैशाख ३१ गतेबाट शुरु भई २०७९ जेष्ठ २ गते सम्पन्न भई प्राप्त नतिजा अनुसार निर्वाचित यस भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरुको मिति २०७९।२।६ गते बिहान ८:३० बजे सम्पन्न शपथ ग्रहण लगतै बसेको नगर कार्यपालिकाको पहिलो बैठक देहाय बमोजिम निर्णय गर्दछ :

१. देशमा प्रजातन्त्र स्थापनाको लागि भएका विभिन्न आन्दोलनहरुमा शहादत्त प्राप्त गरेका ज्ञात अज्ञात सम्पूर्ण शहीदहरुप्रति भक्तपुर नगर कार्यपालिकाको यो पहिलो बैठक हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ । साथै जन अधिकार प्राप्तिका निम्ति विभिन्न समयमा भएका आन्दोलनहरुमा घाइते भएका वीर योद्धाहरुप्रति उच्च सम्मान व्यक्त गर्दछ ।

२. २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा भक्तपुर नगरका नगरबासीहरुले "मादल" चिन्हमा छाप लगाई नेपाल मजदुर किसान पार्टीका सम्पूर्ण उम्मेदवारहरुलाई अत्यधिक मतले निर्वाचित गर्नु भएकोमा सम्पूर्ण मतदाताहरु एवम् नगरबासीहरुलाई यो बैठक हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

३. स्थानीय तह निर्वाचन, २०७९ सम्पन्न गर्न योगदान गर्ने निर्वाचन आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय भक्तपुर, मतदान अधिकृतहरु लगायत निर्वाचनमा खटिएका सम्पूर्ण कर्मचारीहरु, स्वयंसेवक एवम् सहयोगीहरु, प्रशासन, सुरक्षाकर्मीहरु लगायत सम्पूर्ण कर्मचारीहरुलाई यो बैठक धन्यवाद ज्ञापन गर्दछ ।